# नेपाल आयल निगम लिमिटेडको

## अपिल

दशैं, तिहार, नेपाल सम्वत्, छठलगायतका नेपालीहरूको महान् चाडपर्वहरूका बखत देशभर पेट्रोलियम पदार्थहरूको आयात, तथा बिक्रीवितरणमा सहयोग पुऱ्याई पेट्रोलियम पदार्थहरूको आपूर्ति व्यवस्था अत्यन्त सरल र सहज भई आमउपभोक्ताहरूले चाडपर्वको समयमा कुनै पनि असहज परिस्थिति झेल्नु नपरेको हुँदा यस कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु भएका निगम सम्बन्ध एल.पि. ग्यास उद्योगीहरू, टैंक ट्रक ढुवानी व्यवसायीहरू, बिक्रेताहरू, टैंक ट्रक चालक एवं सहचालक एवं अन्य सम्बद्ध निकायहरूलाई नेपाल आयल निगम बिशेष धन्यबाद दिन चाहन्छ।

साथै नेपालको नयाँ संविधान २०७२ को कार्यान्वयनको क्रममा नयाँ संवैधानिक व्यवस्थाबमोजिम प्रतिनिधिसभा र प्रादेशिकसभाको निर्वाचन घोषणा भई हाल मुलुक निर्वाचनमय भएको यस महत्त्वपूर्ण अवसर एवं ऐतिहासिक घडीमा देशभर पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था नियमित एवं सर्वसुलभ बनाई राख्न निगम सम्बन्ध एल.पि. ग्यास उद्योगीहरू, टैंक ट्रक ढुवानी व्यवसायीहरू, बिक्रेताहरू, टैंक ट्रक चालक एवं सहचालक एवं अन्य सम्बद्ध पक्षहरूले विशेष भूमिका खेल्ने विश्वास निगमले लिएको छ। यस बीचमा पेट्रोलियम पदार्थ जस्तो अत्यावश्यक बस्तुको आपूर्ति, ढुवानी एवं बिक्री बितरणमा प्रतिकूल प्रभाव पर्ने किसिमका कुनै पनि गतिविधि एवं काम कारबाही कुनै पनि तह र तप्काबाट नगर्नु नगराउनु हुन निगम हार्दिक अपिल गर्दछ। निगमको कुनै सम्बन्धित व्यवसायीहरूको कुनै विषयमा निगमसँग केही भनाइ वा गुनासो रही समस्या देखिएमा सो सम्बन्धमा सम्बन्धित पक्षसँग आपसी छलफल गरी समाधान गर्न निगम सधैँ तत्पर रहेको व्यहोरा पनि यसै अपिलद्वारा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।